**बैठक संख्या : ५४**

आज मिति २०७६/०८/१५ गते .......... बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री बिमल राज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री हरि प्रसाद ज्ञवाली | उप-सचिव शिक्षा | |
| २५ | श्री कनकमान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक सल्लाहकार | |
| २७ | श्री बलराम न्यौपाने | लेखा अधिकृत | |
| २८ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २९ | श्री विजय राज वाग्ले | अधिकृत | |

## बैठकका प्रस्तावहरु :

१. नदीजन्य पदार्थ तथा सो मा आधारित उद्योग संचालन सम्बन्धी कार्यबिधि पारीत गर्ने ।

२. स्वास्थ्य संगठन संचालन सम्बन्धी कार्यबिधि ।

३. लक्षित कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि ।

४.न.पा.को तर्फबाट रिट नं.०७६-WO-०००९ उपर बहस गरेको वकिलहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा

५. प्रधानमन्त्री रोजगार कार्यक्रम ।

६. पशु फारम तथा दुग्ध चिस्यान केन्द्र अनुदान सम्बन्धमा ।

## कार्यपालिका सदस्य ज्यूहरुबाट प्राप्त थप प्रस्तावहरु

७. प्रदेश शिक्षा निर्देशनालय स्थापना सम्बन्धमा ।

८. वडा नं. १२ को बेलभरिया गाउँको ऐलानी जग्गा सम्बन्धमा ।

९. युवा क्लब गठन सम्बन्धमा ।

१०. ढलान कार्यमा आर.एम.सी. प्रयोग सम्बन्धमा ।

११. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना तथा प्रविधि शाखाको च.नं. १५० मिति २०७६/०६/१४ को पत्र कार्यान्वयन सम्बन्धमा

१२. वास प्लान सम्बन्धमा ।

१३. लागत सझेदारी सम्बन्धमा ।

१४. सगरमाथा बालबिकास केन्द्रको स.का. पारिश्रमिक सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा **'नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन्, ओसारपसार तथा विक्री वितरण र नदीजन्य पदार्थमा मा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७६'** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वास्थ्य संगठन संचालन सम्बन्धी कार्यबिधि तयार गरि अगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा लक्षित कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि तयार गरि अगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा न.पा.को तर्फबाट रिट नं.०७६-WO-०००९ को उत्प्रेषणयुक्त, निषेधाज्ञा मिश्रीत परमादेश मुद्दामा उच्च अदालत तुलसीपुर बुटवल इजलाशमा बहस तथा छलफलमा सहभागी बापतको पारिश्रमिक स्वरुप प्रति वहस रु. १० हजारका दरले बरिष्ठ अधिवक्ता श्री सालिक राम बन्जाडे र बरिष्ठ अधिबक्ता श्री कमल राज जोशीलाई पारिश्रमिक रु. ४० हजार प्रति व्यक्तिका दरले भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६४ मिति २०७६/०७/२६ को कार्यक्रम पेश गर्ने सम्बन्धी पत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६/०८/१२ को प्राप्त पत्रानुसार तथा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम आवश्यक प्रक्रिया पुरा गरी यस नगरपालिकाको सम्पूर्ण विद्यालयहरुलाई एकै किसिमको रंगरोगन गर्नको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा लागत सहभागिता सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा खगेन्द्र कृषि फार्म वडा नं. ५ शिवपुरालाई रु. ५ लाख तथा साना किसान कृषि सहकारी संस्था लि. वडा नं. ९ निग्लिहवालाई रु. १० लाख संस्थाहरुबाट प्राप्त प्रस्ताव बमोजिमको क्रियाकलाममा खर्च गर्ने गरि अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा शिक्षा विकास निर्देशनालय प्रदेश नं. ५ ले स्थापना गर्ने शिक्षा तथा सामाजिक विकास डिभिजन कार्यालय यस नगरपालिका भित्र स्थापना र संचालन गर्नको लागि सामाजिक विकास मन्त्रालय प्रदेश नं. ५ मा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सार्वजनिक ऐलानी जग्गाको नेपाल सरकार तथा नगरपालिकाले चाहेको बेला हक छाड्ने गरी स्थानीय किसानलाई प्रति कट्ठा रु. २०० बार्षिक ऐलानी जग्गा आयस्ता लिई पूर्व देखि खेती गर्दै आएको किसनलाई प्राथमिकता दिई उक्त जग्गाको खेती गर्ने अधिकार नगरपालिकाले दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७५/११/२१ मा कपिलवस्तु नगरपालिकाको नगर सभाबाट पारित युवा क्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ को परिच्छेद २ को ३ मा उल्लेखित प्रत्येक वडामा युवा क्लबको गठन गर्ने व्यवस्था भए बमोजिम प्रत्येक वडामा युवा क्लबको गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस आ.व. मा संचालन हुने ढलान कार्यको योजनाहरुमा अनिवार्य रुपमा रेडिमिक्स प्रयोग गर्न पूर्वाधार विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना तथा प्रविधि शाखाको च.नं. १५० मिति २०७६/०६/१४ को पत्र कार्यान्वियन सम्बन्धमा प्राप्त पत्रको निर्णय कार्यान्वियन सम्बन्धमा छलफल गर्दा यस आ.व.तथा सो उपरान्त संचालन हुने योजनाहरु जटिल प्रकृतिका काम हेवी मेसिन प्रयोग हुने निर्माण कार्य र १० लाख भन्दा बढीको योजना संचालन गर्नु पर्ने भए बोलपत्र प्रक्रियाबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरपालिका स्तरीय वास प्लान निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयबाट जारी भएको वास योजना तर्जुमा निर्देशिका बमोजिम नगरपालिका स्तरीय वास योजना निर्माणका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. ५ तथा कपिलवस्तु नगरपालिका बीच भएको समझदारी पत्र अनुसार वास योजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. २०७५/७६ मा संचालन गर्ने गरि खुकुण्डी देखि चौधरी डाडा सम्म सडक ग्रेभल गर्ने आयोजनाको लागि सम्बन्धित उपभोक्ता समितिबाट रु. २ लाख ५७ हजार लागत सहभागिता रकम जम्मा गरेकोमा उक्त आयोजना बजेट अभावका कारण संचालन हुन नसकेकोले उक्त लागत सहभागिता रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा आ.व. २०७६/७७ मा क.व.न.पा. वडा नं. २ को सगरमाथा बालबिकास केन्द्रको लागि विनियोजित रकम रु. १ लाख मध्येबाट उक्त केन्द्रमा कार्यारत स.का. सोभा पोखरेललाई मासिक रु. ५ हजारका दरले र चाडपर्व खर्च सहित पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।